नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
( स्थानीय तह समन्वय शाखा )
सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

प.सं.:- ०७८/७९
चलानी नं.:- ४८८

मितिः-२०७९/०१/२८

श्री स्थानीय तह (सबै)।

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

निर्वाचन आयोगको च.नं. (१-१-१-३५ क.प्र.)/२०७८/७९/९५९ मिति २०७९/०१/२६ को निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी मिति २०७९/०१/३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनका दिन सोहि बमोजिम आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

०७९/१/२८
चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

प्रशासन शाखा

(१-१-१-३५ क.प्र.)/२०७८/७९/५४९

मिति: २०७९/०१/२६

श्री गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४६९५
दर्ता मिति:- १/२८

**विषय :- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सम्वत् २०७९ साल बैशाख ३० गते शुक्रवारका दिन सम्पन्न हुने स्थानीय तह सदस्य निर्वाचनमा मतदान हुने सबै मतदान केन्द्रहरूमा बर्षात्को पानीबाट मतदान कार्य र सो पश्चातको मतगणना कार्य प्रभावित नहुनेगरी जोगाउनका लागि आयोगको मिति २०७९/०१/२६ को बैठकबाट देहाय बमोजिमको निर्णय भएकोले आवश्यक कायार्थ अनुरोध छ ।

**आयोगको निर्णय**

मिति २०७९/०१/३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनका दिन बिहान ७ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्मका लागि मतदान हुने सबै मतदान केन्द्रहरूमा बर्षात्को पानीबाट मतदान कार्य र सो पश्चातको मतगणना कार्य प्रभावित नहुनेगरी जोगाउन र निर्वाचन सामग्रीसमेतको सुरक्षा गर्न आवश्यक पर्ने पाल/त्रिपाल वा प्लाष्टिकको व्यवस्था गर्नका लागि सबै स्थानीय तहहरूले सम्बन्धित निर्वाचन अधिकृत, मतदान अधिकृत र प्रमुख जिल्ला अधिकारीहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० बमोजिम सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरूलाई निर्देशन दिने । साथै, सोको आवश्यक समन्वय एवम् सहजीकरणका लागि गृह मन्त्रालय मार्फत सबै प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिने ।

(शालिग्राम शर्मा पौडेल)
सहसचिव

**बोधार्थ तथा कार्यार्थ :-**

श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय सबै (७७)
श्री निर्वाचन अधिकृतको कार्यालय सबै (६७६)


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np